**DOI:** https://doi.org/10.3126/pragyaratna.v7i1.84875

**Pragyaratna (प्रज्ञारत्न)**

*A Peer-Reviewed, Open Access Journal*




# भाषा शिक्षकका दृष्टिमा भाषिक मूल्याङ्कनको सान्दर्भिकता

सृजना देवी खड्का [१]

shrijanadevikhadka@gmail.com

[१] महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालय

**Article Info**

**Received:** September 26, 2025

**Accepted:** November 17, 2025

**Published:** December 20, 2025

**लेखसार**

*शिक्षाको गुणस्तर मापन गर्नका लागि मूल्याङ्कन महत्त्वपूर्ण माध्यम हो। शैक्षिक मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित भई निरन्तर चलिरहने प्रक्रिया हो । भाषिक मूल्याङ्कनले विद्यार्थीको भाषा सिकाइ प्रवृत्तिको निरन्तर लेखाजोखा गर्दै गल्ती सुधार गरी अगाडि बढ्न हौसला प्रदान गर्दछ । प्रस्तुत अध्ययन भाषिक मूल्याङ्कन प्रक्रियाको प्रयोग र प्रभावको स्थिति खोजी गर्ने समस्यामा केन्द्रित भई भाषिक मूल्याङ्कनको सान्दर्भिकताप्रति विषय शिक्षकको अनुभवको खोजी गर्ने उद्देश्यमा आधारित छ । यसमा गुणात्मक ढाँचाको अवलम्बन गरिएको छ । यो अध्ययन सामुदायिक विद्यालयका माध्यमिक तहमा शिक्षण गर्ने नेपाली विषय शिक्षकको अनुभव लिई भाषिक मूल्याङ्कनको सान्दर्भिकता पहिचानमा आधारित छ। यस अध्ययनमा सुविधा सम्पन्न ठाउँका विद्यालय र सुविधाबाट वञ्चित विद्यालयमा अध्यापन गराउने नेपाली विषय शिक्षकलाई उद्देश्यपूर्ण नमुना छनोट गरिएको छ। यसका लागि केन्द्रित समूह छलफल र गहिरो अन्तर्वार्ताको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ। विद्यार्थीको सिकाइ उपलब्धि वृद्धिलाई जोड दिएर कक्षाकार्यकलापमा नै प्रशस्त भाषिक सिप वृद्धिका अवसर निर्माण गर्नं पर्दछ । नेपाली भाषा शिक्षणको पाठ्यक्रमले मापन गर्न खोजेका विषयवस्तु समय सान्दर्भिक भए तापनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीका रूपमा देखिएको पाइन्छ। प्रयोगात्मक मूल्याङ्कनको प्रभावकारिता वृद्धि गर्न प्रविधिमा सबैको समान पहुँच निर्माण गर्नंपर्ने, योजनाबद्ध परीक्षण गरी परीक्षणमा विश्वसनीयता र वैधता कायम राख्नु पर्ने अनि शिक्षक र विद्यार्थीको अनुपात मिलाउनु पर्ने निष्कर्ष निकालिएको छ । यसका लागि अभिभावकलाई सचेत गराई नियमित विद्यालय उपस्थित हुनुपर्ने नीतिगत प्रावधानलाई सफल कार्यान्वयन गर्न जोड दिनुपर्ने देखिन्छ।*

**शब्दकुञ्जी:** *उपलब्धि, प्रभावकारिता, प्रशस्त, विश्वव्यापीकरण, सन्तुलन, सान्दर्भिकता*

शिक्षाको गुणस्तर मापन गर्नका लागि मूल्याङ्कन महत्त्वपूर्ण माध्यम हो। मूल्याङ्कन भनेको परीक्षार्थीहरूको उत्तरपत्र वा प्रयोगात्मक परीक्षाको अङ्कद्वारा स्तर तय गर्ने कार्य हो। मूल्याङ्कनलाई जाँच, परीक्षा, मापन आदिका रूपमा लिने गरेको पाइन्छ। व्यापक अर्थमा मूल्याङ्कन जाँच, परीक्षा र मापनमा मात्र सीमित नभई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा निरन्तर चलिरहने प्रक्रिया हो। शैक्षिक मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापसँग सम्बन्धित हुन्छ। विद्यार्थीका क्षमताको पहिचान गर्नका लागि मूल्याङ्कन गर्ने गरिन्छ। त्यसैले मूल्याङ्कनलाई । विद्यार्थीको सफलता र असफलता छुट्याई परीक्षणलाई आधार बनाएर सङ्ख्या बिना पनि मापन गर्ने प्रक्रियाको रूपमा लिन सकिन्छ। " विद्यार्थीले प्राप्त गरेका व्यवहारमा रचनात्मक प्रदर्शनको खोजी गर्ने कार्य कार्यदक्षतामा आधारित मूल्याङ्कन प्रणाली गरिन्छ। यसको मूल्याङ्कन गर्दा सिकारुले सम्पन्न गरेको कार्यलाई मात्र नहेरी उक्त कार्य सम्पन्न गर्नका लागि उनीहरूले अवलम्बन गरेको प्रक्रिया समेतको मूल्याङ्कन गरिनु पर्दछ। यस प्रणालीअनुसार विद्यार्थीको उपलब्धिको मूल्याङ्कन गर्दा शिक्षकले यस्तो परिस्थितिको सिर्जना गर्नं पर्दछ जहाँ विश्लेषण गर्ने, समस्या समाधान गर्ने, निर्णय गर्ने, अरूसँग समन्वय गर्ने, विज्ञानको प्रयोग सञ्चालन गर्ने जस्ता विद्यार्थीका क्षमतालाई प्रत्यक्ष अवलोकन तथा मापन गर्न सकियोस् जसबाट प्राप्त नतिजाले सिकारुलाई सफलताको सुनिश्चतता प्रदान गरोस्" (न्यौपाने, २०७१, पृ.२५२)। यसरी व्यक्तिको आत्मविश्वास बढाउने विश्वासिलो साधनको रूपमा मूल्याङ्कनलाई नै लिने गरिन्छ। "शिक्षणका सन्दर्भमा मूल्याङ्कनलाई शिक्षार्थीको क्षमता वा प्राप्तिको लेखाजोखाको रूपमा लिइन्छ। यस्तो मूल्याङ्कनको शिक्षणसँग स्पष्ट सम्बन्ध रहन्छ। जति मूल्याङ्कनलाई कक्षा कार्यकलापसँग सम्बन्धित गराउन सकिन्छ, त्यति नै शिक्षणको गतिविधि यसबाट लाभान्वित हुन जान्छ" (अधिकारी, २०६७, पृ.१९५)। शिक्षण सुधारको रूपमा मूल्याङ्कन गर्नं पर्दछ। वाग्ले र पौडेल (२०६४) का अनुसार "मूल्याङ्कनले कुनै पनि कार्यकलापको सम्पूर्ण पक्षको प्रभावकारिता र उपयुक्तताको परीक्षण गर्दछ। शिक्षण सिकाइबाट विद्यार्थीमा प्राप्त उपलब्धिहरू अपेक्षा गरिएअनुसार छन् वा छैनन् भन्ने कुरा लगायत शिक्षण सिकाइ क्रियाकलाप, शैक्षिक सामग्री र उद्देश्यकै उपयुक्तताको परीक्षण गर्ने आधार शैक्षणिक मूल्याङ्कनबाट प्राप्त हुने गर्दछ" (पृ.१७७)। त्यसैले शैक्षिक लक्ष्य पूर्ति गर्नका लागि र विद्यार्थीको सफलता प्राप्तिका लागि निर्माणात्मक र निर्णयात्मक दुवै मूल्याङ्कन पद्धतिलाई अवलम्बन गर्नं पर्दछ।

भाषिक मूल्याङ्कन भाषाका ग्रहण र अभिव्यक्ति सिप विकासमा केन्द्रित हुने भएकाले शिक्षण कार्यक्रम सञ्चालनकै क्रममा गर्नं उपयुक्त हुन्छ। यसले को भाषा सिकाइ प्रवृत्तिको निरन्तर लेखाजोखा गर्दै गल्ती सुधार गरी अगाडि बढ्न हौसला प्रदान गर्दछ। "भाषिक मूल्याङ्कनको उद्देश्य विद्यार्थीहरूको भाषा सिकाइको प्रवृत्ति र क्षमता स्तर आँकलन गर्नं हो। शिक्षण सिकाइका सही विधि, प्रविधि र

प्रक्रियाहरूको छनोट र उपयोगबाट नै भाषा शिक्षणले जीवन्तता पाउँछ । त्यसैले भाषा शिक्षकलाई भाषिक सिपगत उद्देश्य अनुसार का सही र प्रभावकारी शिक्षण विधि र कार्यकलाप छनोट गर्न, आफ्ना शिक्षणका कमी कमजोरीहरूमा सुधार र परिमार्जन गर्न भाषिक मूल्याङ्कनले मद्दत गर्दछ" (पौडेल, २०६७, पृ.१) । व्यक्ति विषेशमा निहित क्षमतालाई उजागर गर्न सहयोग गर्नँ भाषा शिक्षकको दायित्व हो । यसलाई प्रभावकरी बनाउन तह र स्तर अनुसार प्रतिनिधिपरक सन्दर्भ पहिल्याएर श्रुतिबोध क्षमता, वाक्य गठन क्षमता, मौखिक वर्णन क्षमता, सस्वरपठन क्षमता, लयात्मक क्षमता, उच्चारण क्षमता, प्रस्तुति क्षमता, तार्किक क्षमता, उद्घोषण क्षमता जस्ता प्रयोगात्मक परीक्षालाई जाँचसूची र श्रेणी मापन जस्ता पर्यवेक्षणका साधनको सहायता लिई मूल्याङ्कन गर्नँ अत्यावश्यक देखिन्छ । "शिक्षक एक सहजकर्ताका रूपमा रहने हुँदा शिक्षकले शिक्षार्थीलाई मित्रवत् व्यवहार गर्नँ पर्दछ । शिक्षक प्रत्येक सिकारूसित परिचित हुनुपर्छ" (फल्चर एण्ड डेभेन्सन, सन् २०११, पृ.२३) । अभ्यास जति गर्‍यो कला र सिप त्यति नै निखारिएर आउने भएकाले अभ्यासलाई केन्द्रविन्दु बनाई त्यसै अनुरूप भाषा शिक्षण कार्यक्रम सञ्चालन गर्नँ पर्दछ । हिटन (सन् १९८८) ले परीक्षणलाई भाषा शिक्षणको धेरै क्षेत्रमा परिवर्तन गर्ने सबैभन्दा ठुलो शक्तिको रूपमा लिएका छन् । त्यसैले भाषिक कुशलतामा वृद्धि गर्न चारवटै सिपको परीक्षण अत्यावश्यक छ । भाषिक मूल्याङ्कनका प्रकारहरूमा औपचारिक र अनौपचारिक, सैद्धान्तिक र प्रायोगिक, विषयगत र वस्तुगत, सामान्य र विशिष्ट, आन्तरिक र बाह्य, निरन्तर र निश्चित, एकीकृत र पृथकीकृत, भाषिक र भाषेतर, लिखित र मौखिक, निदानात्मक र सुधारात्मक पर्दछन् (शर्मा र पौडेल,२०६७) । यिनै मूल्याङ्कनमा आधारित भई विषयवस्तुको प्रकृतिअनुसार उपकरण निर्माण गरेर भाषिक मूल्याङ्कन गर्नँ पर्दछ ।

लिखित, मौखिक, प्रयोगात्मक, अनौपचारिक अवलोकन आदि भाषिक मूल्याङ्कनका साधन हुन् । विशेषतः निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनको सहायताबाट भाषा परीक्षण गरिन्छ । तत्कालीन समस्या समाधानका लागि विद्यार्थीमा आत्मविश्वासको विकास गर्न निरन्तर पृष्ठपोषण दिने उद्देश्यले निर्माणात्मक भाषिक मूल्याङ्कन गरिन्छ । यस अन्तर्गत कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, व्यक्तिगत तथा समूहगत प्रतियोगिता, अवलोकन, अभिलेख पर्यवेक्षण, एकाइ परीक्षा, मासिक परीक्षा, हाजिरी जवाफ, कक्षा प्रस्तुति, प्रदर्शन तथा निरीक्षणहरू पर्दछन् । यी कार्यकलापले सिकारूलाई लक्षित उपलब्धिमा पुऱ्याउँछ । "आन्तरिक मूल्याङ्कन सिकाइको परिवेश हो जहाँ अन्तरक्रिया र सञ्चारको अभिवृद्धि हुन्छ । शिक्षार्थी र शिक्षक बीच पृष्ठपोषण प्रदान गर्दछ तसर्थ यो सिकाइको सकारात्मक सन्दर्भ हो"(फल्चर एण्ड डेभेन्सन, सन् २०११, पृ.२९) । त्यसैले शिक्षकले कक्षाकोठामा अन्तरक्रियात्मक वातावरण निर्माण गर्नँ पर्दछ । विद्याथीहरूसँग सकारात्मक व्यवहार प्रदर्शन गर्नँ पर्दछ । विद्याथीलाई प्रमाणपत्र दिने योजनाबद्ध प्रक्रियाबाट सञ्चालन गरिने मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन हो । यसको उद्देश्य विद्याथीको स्तर उन्नति गर्नँ रहेको हुन्छ । प्रयोगात्मक मूल्याङ्कनले भाषाको सिप पक्षलाई विशेष जोड दिन्छ । परीक्षा र परीक्षार्थीको उपस्थितिमा प्रयोगात्मक मूल्याङ्कन सम्भव हुन्छ ।

भाषिक परीक्षणका प्राविधिक पक्ष मानकीकरण, विश्वसनीयता र वैधता हुन् । टेस्ट लिँदा यी कुरालाई ध्यान दिनुपर्ने हुन्छ । मानकीकरण भनेको सर्वस्वीकार्य बनाउनु, स्तर अनुकूल बनाउनु र प्रतिनिधिमूलक बनाउनु हो । ठ्याक्कै अङ्क दिन मिल्ने विद्यार्थीको क्षमता अनुसार भिन्नता गर्न फरक छुट्याउन सक्नु ,जान्नेलाई जान्ने र नजान्नेलाई नजान्ने भन्ने निष्कर्ष दिन सक्ने गुण, उच्च, मध्यम र निम्न क्षमता निर्धारण गर्नँ विभेदकारिता हो । परीक्षाको दबाबबाट मुक्त हुनका लागि उनीहरूका अनुभवलाई नै प्रस्तुत गर्न सक्ने किसिमको प्रश्न निर्माण गर्नँ पर्दछ । विद्याथीको उपलब्धि पहिचान गर्नका लागि विद्याथीको अन्तर्दृष्टि तय गर्न सक्यौं भने उनीहरूको बौद्धिक क्षमताको विकास गर्न सकिन्छ । विद्यार्थीका वास्तविक क्षमताहरू लिखित परीक्षामा मात्रै प्रतिबिम्बित हुन सक्दैनन् । यसका लागि विद्याथीहरूलाई सुमधुर सम्बन्ध राखी स्वतन्त्र रूपमा बोल्न दिने अवसर निर्माण गरेर उत्प्रेरित गर्नँ पर्दछ । विद्यार्थीले आफूले सिकेका कुरा बाहिरी वातावरणमा जोडेर प्रयोग गर्न सक्नु नै उत्कृष्ट उपलब्धि हो ।

मूल्याङ्कनका विभिन्न साधनहरूले विद्यार्थीको व्यक्तिगत सिकाइलाई मजबुत बनाउन सहयोग पुऱ्याउँछ । सामान्यतः कक्षाकार्य, गृहकार्य, पोर्टफोलियो, लगबुक रेकर्ड, केस स्टडी आदि विद्यार्थीको उपलब्धिमा सुधार गर्नका लागि प्रयोग गरिन्छ । न्यौपाने (२०७१) ले विद्यार्थीका क्षमतालाई प्रत्यक्ष अवलोकन र मापन गर्न सक्ने नतिजाले सिकारुलाई सफलताको विन्दुमा पुग्राउन सक्ने कुरा उल्लेख गरेका छन् । यसले विद्यार्थीका व्यक्तिगत ज्ञानका दायरालाई फराकिलो बनाई सिकाइ प्रक्रियामा सहयोग गर्दछ । ब्ल्याक विलियम (सन् १९९८) ले निर्माणात्मक मूल्याङ्कन मूल्याङ्कनको बारेमा बताएका छन् । मूल्याङ्कनका हरेक उद्देश्य हुन्छन् । प्रत्येक उद्देश्यका लागि फरक फरक विद्यार्थीलाई आफ्नो कार्यप्रति प्रोत्साहित गर्न शिक्षक उत्पादक बन्न सक्नुपर्छ । ब्राउन एट अल (सन् २००९ ले परीक्षाहरू वास्तवमा रमाइला हुँदैनन् तर सकारात्मक रूपमा अध्ययनलाई प्रोत्साहित गर्दछन् भनेका छन् । यसरी विद्यार्थीको प्रगतिका लागि मूल्याङ्कन अपरिहार्य छ । हिटन (सन् १९८८) का अनुसार लक्षित भाषाको क्षमता विकास गर्नका लागि उपयुक्त उपकरण निर्माण गरेर चार वटै भाषिक सिपको परीक्षण हुनुपर्छ । पौडेल (२०८१) का अनुसार भाषा शिक्षणको सम्प्रेषणात्मक पद्धति अवलम्बन गरी मौखिक र लिखित अभिव्याक्ति सिपका खेल, अभिनय, छलफल जस्ता विविध पक्षमा विद्यार्थीहरूको फरक प्रोफाइल बनाउन प्रयोगात्मक तथा सुधारात्मक मूल्याङ्कनले सहयोग पुग्राउँछ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले प्रत्येक विद्यार्थीको शैक्षिक प्रगति विवरण राख्ने र त्यसमा उसका सम्पूर्ण शैक्षिक र अतिरिक्त क्रियाकलापको समावेश गर्नँ पर्छ भन्ने कुरा उल्लेख गरेको पाइन्छ । त्यसै गरी उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ मा मूल्याङ्कनका लागि आन्तरिक मूल्याङ्कन, अवलोकन, घटना अध्ययन आदि विभिन्न माध्यमहरूको उपयोग गर्नँपर्छ भनी सुझाव दिएको पाइन्छ । माध्यमिक शिक्षा पाठ्यक्रम (२०७१) ले नेपाली विषयमा २५ अङ्कको प्रयोगात्मक कार्य छुट्याएको पाइन्छ । यस अन्तर्गत सुनाइ र बोलाइ सिपको परीक्षण गर्न सकिने व्यवस्था गरेको पाइन्छ । यस पाठ्यक्रममा प्रयोगात्मक कार्यका लागि विशिष्टीकरण तालिका निर्माण गरी बोलाइ सिप अन्तर्गत मौखिक वर्णन र कथाकथनका लागि १० अङ्क अनि सस्वरवाचनका लागि ५ अङ्क विभाजन गरी विश्वसनीयता र वैधता कायम राख्न स्पष्टीकरण समेत समेटेको पाइन्छ । यसमा परीक्षण गर्ने पक्षमा मौखिक वर्णन र कथाकथन अनि सस्वरवाचनलाई पनि समेटेको देखिन्छ ।

माध्यमिक शिक्षा पाठ्यक्रम (२०७८) ले कक्षा - ९ र १० का लागि आन्तरिक मूल्याङ्कनका लागि छुट्याएको २५ अङ्कभारमा उपस्थिति र कक्षा सहभागितामा ३ अङ्क, परियोजना कार्य, सृजनात्मक कार्य र प्रस्तुतिका लागि ६ अङ्क, सुनाइ र बोलाइका लागि १०

अङ्क अनि त्रैमासिक परीक्षाका लागि ६ अङ्क गरी २५ अङ्क छुट्याएको पाइन्छ । यसरी सुनाइ र बोलाइ सिप परीक्षणलाई समष्टिगत अङ्क विभाजन गरी बोलाइ अन्तर्गत कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई स्पष्टता, शैली, भाषिक स्तर, शुद्धोच्चारण, गति, यति, लय र हाउभाउ सहित मौखिक प्रतिक्रिया तथा वर्णन अनि कथाकथन, घटना, पात्र र परिवेशको वर्णन अनि निर्दिष्ट भाषिक प्रकार्यमा आधारित संवाद, मौखिक वर्णन र प्रतिक्रिया गर्न लगाउन सक्ने कुरा निर्देश गरेको पाइन्छ । माध्यमिक तह (९ कक्षा(( १२) सम्म २५ आन्तरिक र ७५ बाह्य मूल्याङ्कन गर्ने व्यवस्था रहेको पाइन्छ । यसले ३ घण्टे लिखित परीक्षाबाट विद्यार्थीको वास्तविक क्षमताको पहिचान गर्न नसकिने कुरालाई मध्यनजर गरी सर्वाङ्गीण मूल्याङ्कनलाई जोड दिएको पाइन्छ । यसबाट प्रस्ट हुन्छ शिक्षण कार्यकलाप पश्चात् विद्यार्थीको क्षमता पहिचान गरी त्यस तहमा न्युनतम हाँसिल गर्नंपर्ने सिप र कलाको मूल्याङ्कन गर्ने रणनीति अपनाउनु पर्ने देखिन्छ ।

समाजको विकाससँगै मौखिक सञ्चारका अवसरहरू वृद्धि भएकाले विद्यालय शिक्षाको प्रारम्भिक कक्षा देखि नै अनिवार्य पठनपाठन हुने नेपाली भाषा शिक्षणलाई प्रभावकारी र व्यावहारिक ढङ्गले सन्दर्भ सापेक्ष कार्यकलाप सञ्चालन गरी मूल्याङ्कन हुनु आवश्यक छ । कक्षा ९ देखि १२ सम्म २५ पूर्णाङ्कको प्रयोगात्मक आन्तरिक मूल्याङ्कन र ७५ पूर्णाङ्कको निर्णयात्मक मूल्याङ्कन गर्ने पद्धतिलाई मध्यनजर गरी भाषिक सिप परीक्षणको के कस्तो अवस्था छ ? भन्ने विषयमा यो अध्ययन गर्न आवश्यक देखिन्छ । प्रस्तुत अध्ययन भाषिक मूल्याङ्कन प्रक्रियाको प्रयोग र प्रभावको स्थिति खोजी गर्ने समस्यामा केन्द्रित भई भाषिक मूल्याङ्कनको सान्दर्भिकताप्रति विषय शिक्षकको अनुभवको खोजी गर्ने उद्देश्यमा आधारित छ । भाषिक मूल्याङ्कनका सैद्धान्तिक आधारलाई मानेर पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि परीक्षणप्रति सुविधा सम्पन्न ठाउँका विद्यालय र सुविधाबाट वञ्चित विद्यालयमा अध्यापन गराउने नेपाली विषय शिक्षकको अनुभवबारे अध्ययन गरी त्यस ठाउँको अनुसन्धान अन्तरालन पूरा गर्न यो अध्ययन आवश्यक देखिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य भाषिक मूल्याङ्कनको सान्दर्भिकताप्रति नेपाली विषय शिक्षकको अनुभवको खोजी गर्नँ हो । यस अध्ययनले माध्यमिक तहमा अध्यापन गराउने शिक्षकहरूको नेपाली विषयको मूल्याङ्कन प्रक्रियाप्रतिको धारणा बुझ्न सहयोग गरेको छ । भाषिक मूल्याङ्कनलाई केवल प्रक्रियाको रूपमा मात्र नलिई सम्बन्धित निकायले बालबालिकाको मस्तिष्कमा समेत सकारात्मक प्रभाव पार्न सक्ने गरी पारदर्शी किसिमले कार्यान्वयन गर्न नीति निर्माता र सबै सरोकारवालाका लागि यो लेखको औचित्य रहेको छ ।

## अध्ययन विधि तथा प्रक्रिया

यस अध्ययनमा गुणात्मक अनुसन्धान ढाँचाको न्यारेटिभ खोज विधि प्रयोग गरिएको छ । यो स्थलगत अध्ययनमा आधारित छ । यस अध्ययनमा सुविधा सम्पन्न ठाउँका विद्यालय र सुविधाबाट वञ्चित विद्यालयमा अध्यापन गराउने नेपाली विषय शिक्षकलाई उद्देश्यपूर्ण नमुना छनोट गरिएको छ । प्राथमिक स्रोतको रूपमा केन्द्रित समूह छलफल र गहिरो अन्तर्वार्ताको माध्यमबाट तथ्यहरूको सङ्कलन गरिएको छ । मिति २०८२ जेठ १२ गते सोमबार टिफिनको समयमा काठमाडौ जिल्लाको एउटा माध्यमिक विद्यालयमा लगभग २ घण्टामा केन्द्रित समूह छलफल गरिएको छ र सोही दिन बेलुका बारा जिल्लामा अध्यापनरत एकजना शिक्षकसँग लगभग ३५ मिनेट फोनबाट असंरक्षित अन्तर्वार्ता गरी सूचना सङ्कलन गरिएको छ । यसमा गुणात्मक अनुसन्धान कर्ताले पालना गर्नंपर्ने गोपनीयताका सबै नियमहरू पालना गर्दै सहभागीहरूको नाम गोप्य राखिएको छ । सहभागीहरूसँग लिइएको अन्तर्वार्तालाई मोबाइल फोनमा रेकर्ड गरी त्यसलाई जस्ताको त्यस्तै नेपाली भाषामा लिपिबद्ध गरिएको छ । केन्द्रित समूह छलफल र असंचित अन्तर्वार्ताबाट आएका पाँच पेजको विषयलाई पटक पटक पढी कोडिकरण गरिएको छ । अन्तर्वार्ताका विभिन्न सूचनाहरूलाई पुनर्विचार गरी विभिन्न अंशहरूबिच तुलना गरिएको छ । यस अध्ययनको उद्देश्यसँग सान्दर्भिक भएका कोडहरू २८ वटा थिए । ती कोडहरूलाई अनुसन्धानको उद्देश्य अनुरूप अनुसन्धान प्रश्नअनुसार मिल्ने गरी ६ समूह बनाइएको छ । त्यसबाट ७ वटा कोड निकाली विश्लेषण गरिएको छ । द्वितीय स्रोतहरूमा पुस्तक, पत्रपत्रिका, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थागत प्रतिवेदनहरू जस्ता सामग्रीहरू प्रयोग गरिएको छ ।

## परिणाम र छलफल

### सिकाइ सुधारमा केन्द्रित

सिकाइ सुधारमा केन्द्रीत हुनु मूल्याङ्कनको मूल मर्म हो । मूल्याङ्कन केवल ग्रेड निर्धारणको साधन नभएर सिकाइको प्रगति बुझ्ने, कमजोरी पहिचान गर्ने र सुधारको मार्गचित्र तयार गर्ने आधार हो । त्यसैले मूल्याङ्कन निरन्तर, बहुआयामिक र सहभावात्मक हुनुपर्छ जसले विद्यार्थीको सिर्जनात्मकता, आलोचनात्मक सोच, सहकार्य गर्ने क्षमताको पनि विकास गर्दछ । निर्माणात्मक मूल्याङ्कन सिकाइ सुधारको महत्त्वपूर्ण औजार हो । ब्ल्याक र विलियम (सन् १९९८) ले प्रयोगात्मक कार्यलाई कक्षा शिक्षणमा अनिवार्य बनाउँदा सिकाइ उपलब्धि हुन्छ । शिक्षकले आफ्नो कक्षाकोठामा रचनात्मक मूल्याङ्कनलाई स्थान दिनुपर्छ । प्रत्येक शिक्षकले आफ्नो तरिका फेला पारी कक्षा शिक्षण गर्नंपर्छ भन्ने कुरा उल्लेख गरेका छन् । मूल्याङ्कन विद्यार्थीलाई नियमित पृष्ठपोषण दिई सिकाइमा सुधार ल्याउन केन्द्रित हुनुपर्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०७६) ले नेपालको सन्दर्भमा विद्यमान मूल्याङ्कन प्रणाली प्रभावकारी नभएको र सिकाइ सहजीकरणको क्रियाकलापको अभिन्न अङ्गका रूपमा मूल्याङ्कन विकसित हुन नसकेको कुरा उल्लेख गर्दै सिकाइका लागि मूल्याङ्कन भन्ने मान्यतालाई स्थापित गर्न नसकेको कुरा संकेत गरेको छ । यस सन्दर्भमा सहभागी दुई शिक्षक बताउँछिन् "ग्रामीण र सहरी क्षेत्रमा मूल्याङ्कन प्रक्रिया एउटै भएतापनि फरक अवस्था र परिवेश छ । एउटै कक्षामा □० जना विद्याथी राखेर पढाउनुपर्ने बाध्यता छ । कक्षा ११ र १२ मा भने विद्यार्थीहरू नियमित रूपमा विद्यालय आउँदैनन् । कोर्स पनि सक्नुपर्ने कारणले गर्दा हचुवाको भरमा प्रयोगात्मक कार्यको अङ्क राख्नुपर्ने बाध्यता छ" । यसबाट प्रस्ट हुन्छ मूल्याङ्कन सिकाइ सुधारको अभिन्न अंग भएतापनि एउटै कक्षामा विद्यार्थी सङ्ख्या अत्याधिक भएकाले क्षमता विकासका लागि समय व्यवस्थापन गर्न प्रतिकूल परिस्थिति देखिन्छ । अझै पनि परम्परागत मूल्याङ्कन प्रणालीलाई नै जोड दिएर रटन्ते र घोकन्ते शिक्षण पद्धतिकै दबदबा रहेको पाइन्छ । यस्ता पद्धतिलाई ओझेलमा पार्न सक्रिय सिकाइमा संलग्न गराउँदै उनीहरूको आलोचनात्मक सोच, समस्या समाधान क्षमता र आत्मप्रेरणालाई प्रवर्द्धन गरी रचनात्मक मूल्याङ्कनतर्फ केन्द्रित हुनु पर्दछ । विद्यार्थीहरू नियमित कक्षाकोठामा उपस्थित हुने वातावरण निर्माण गरी निश्चित अनुपातका आधार मा विद्यार्थी सङ्ख्या भएमा मूल्याङ्कन सिकाइ सुधारमा केन्द्रित हुने देखिन्छ ।

**जीवनसङ्गत मूल्याङ्कनको अवस्था**

सस्वरवाचन, लयवाचन, भूमिका निर्वाह जस्ता जीवनसङ्गत मूल्याङ्कनले विद्यार्थीको दैनिक जीवन, सामाजिक परिवेश, व्यवहारिक सिप र समस्यासँग जुझ्ने क्षमतालाई मजबुद बनाउन सहयोग गर्दछ । जीवनसङ्गत मूल्याङ्कनका विधिहरूले विद्यार्थीको सम्प्रेषण क्षमता, रचनात्मकता, र आत्मविश्वास विकासमा महत्त्वपूर्ण भूमिका खेल्दछन् (विगिन्स, १□□०) । परम्परागत परीक्षा प्रणालीले केवल पाठ् यपुस्तकको विषयवस्तुमा आधारित ज्ञानको परीक्षण गर्छ । जीवनसङ्गत मूल्याङ्कनले विद्यार्थीले सिकेका कुरालाई व्यवहारमा कसरी प्रयो ग गर्छन् भन्ने कुरामा केन्द्रित हुन्छ । यस्तो मूल्याङ्कनले संज्ञानात्मक मात्र नभई सामाजिक, भावनात्मक र व्यवहारिक पक्षलाई समेत समेट्छ । यसले विद्यार्थीलाई जीवनोपयोगी सिप सिकाउन मद्दत गर्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०७६) मा जीवनो पयोगी र व्यावहारिक शिक्षालाई जोड दिँदै त्यसको मूल्याङ्कन जीवनसङ्गत तरिकाले गर्नुपर्ने उल्लेख छ । यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछिन् "एउटा कक्षामा ३०-३५ जना सम्म  विद्यार्थी भएकाले संवादको हाउभाउ सहित कक्षाकोठामा वाचन गर्न लगाइन्छ तर विषयवस्तु र पात्रको पोसाक समेत मिलाएर अभिनय गर्न भने सकेका छैनौँ । भूमिका निर्वाहले विद्यार्थीलाई उत्प्रेरित गर्ने भएकाले सिकाइलाई चिरस्थायी बनाउन सहयोग पुग्याएको छ" । यसले विद्यार्थीहरूलाई स्पष्ट रूपमा बोल्न्, उच्चारण सुधार्न र भावनात्मक रूपमा अभिव्यक्त हुन, डर कम गरी आत्मविश्वास बढाउन सहयोग पुग्ने देखिन्छ । "मौखिक अभिव्यक्तिमा अपेक्षाकृत सुधार ल्याउनका लागि विद्यार्थीहरूले पर्याप्त समय र अवसर पाउनुपर्छ । हाम्रो जस्तो देशका अधिकांश विद्यालयहरूमा एउटै कक्षामा सयौंको संख्यामा विद्यार्थीहरू राखेर मौखिक अभिव्यक्तिका कार्यकलाप गराउँदा वैयक्तिक ढंगले समय उपलब्ध गराउन र पटकपटक अभ्यास गर्ने अवसर समेत दिन सकिने स्थिति छैन" (पौडेल, २०६४ पृ. १७७-१७८) । यस सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछिन् "तल्लो तहबाट नै बोल्ने अवसर नपाएकाले अधिकांश विद्याथीहरू प्रस्तुति गर्दा लजाउने र हच्किने स्थिति छ । घर परिवारका सदस्यहरू पनि अधिकांश अशिक्षित छन् । त्यसको प्रभाव बालबालिकामा परेको पाइन्छ । शुद्ध उच्चारण गर्न असहज हुने भएकाले संवादको भूमिका निर्वाहमा रुचि राख्दैनन"् । यसबाट प्रष्ट हुन्छ  नियमित अभ्यास गर्ने अवसर निर्माण गर्‍यौं भने मात्र तोकिएको विषयवस्तुमा बोल्न सक्ने क्षमता विकास गर्न सहज हुने देखिन्छ ।

**सुनाइ र बोलाइ सिपको मूल्याङ्कनमा प्रविधिको प्रयोगपरकता**

प्रविधिको प्रयोगले सुनाइ र बोलाइ सिपको परीक्षणमा सहयोग पुग्याउँछ । श्रव्य, दृश्य शिक्षण सामग्रीको प्रयोग गर्दा स्वाभाविक रूपमा शिक्षण सिकाइ क्रियाकलाप अन्तरक्रियात्मक हुन्छ । यसले एकअर्कामा प्रतिक्रिया दिने अवसर निर्माण गर्दछ । सुनाइ र बोलाइ सिपको मूल्याङ्कनमा प्रविधिको प्रयोगपरकता अहिलेको शिक्षा प्रणालीमा अत्यन्त सान्दर्भिक र प्रभावकारी विषय मानिन्छ । परम्परागत मूल्याङ्कन पद्धतिमा यी मौखिक सिपहरूको प्रभावकारी मापन कठिन भए पनि प्रविधिको प्रयोगले यसको समाधान सम्भव बनाएको छ । मोबाइल एप, भाषा सिकाइ सफ्टवेयर, डिजिटल रेकर्डिङ उपकरण तथा अनलाइन प्लेटफर्मको माध्यमबाट विद्यार्थीको बोल्ने तथा सुन्ने क्षमताको रेकर्ड विश्लेषण र पुनरावलोकन गर्न सकिन्छ । यसले विद्यार्थीलाई आत्ममूल्याङ्कन गर्ने र सुधारका अवसरहरू पाउने मौका दिन्छ । "विद्यार्थीभित्र लुकेर रहेको प्रतिभालाई बाहिर निकालेर उसले मौखिक अभिव्यक्तिको विकास गर्नका निम्ति उचित प्रेरणा प्रदान गर्नु पर्दछ" (पौडेल, २०६४, पृ. १७७) । प्रविधिको सहायताबाट भिडियो सुनाएर र देखाएर विद्यार्थीलाई उत्प्रेरित गर्न सकिन्छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्र (ऋभ्ज्ऋ) ले आधारभूत शिक्षा सुधार कार्यक्रम (द्यभ्ए) अन्तर्गत भाषिक सिपहरूको मूल्याङ्कनमा प्रविधिको समावेशलाई प्रवर्द्धन गर्दै आएको छ । विशेषतः युनेस्को (सन् २०२१) को एक प्रतिवेदनले भाषिक सिप सिकाइ र मूल्याङ्कनमा क्ष्ऋत (क्ष्लायचकबतष्यल बलम ऋयmmगलष्अबतष्यल त्भअजलयियनथ को उपयोगले पहुँच, समावेशिता र गुणस्तरमा वृद्धि गर्ने देखाएको छ । यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछिन् "यस शैक्षिक सत्रमा प्रदेश सरकारको आर्थिक सहयोगमा कक्षा ९ र १०) का लागि स्मार्ट टिभीको व्यवस्था गरी दिएकाले शिक्षण सिकाइ सहज भएको छ । विद्यार्थीहरू आफैं खोल्छन् , हेर्छन्,  सुन्छन्, लेख्छन् । केही कारणवश शिक्षक कक्षामा जान ढिलो भएपनि योजना अनुरुप विद्यार्थीहरू सिकाइमा सहभागी हुने अवस्था छ । यो प्रविधि सबै कक्षामा भए राम्रो हुन्थ्यो" । यस सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछिन् "स्मार्ट टिभीको व्यवस्था छैन । कम्प्युट ल्याब छ तर त्यसमा भएका कम्प्युटरहरू कुनै तार छ कुनैको छैन । सामानहरू अस्तव्यस्त भएर धुलै धुलो छ । उचित व्यवस्थापनको अभावमा प्रविधि प्रयो गमा असहज परिस्थिति छ" । तसर्थ सुनाइ र बोलाइ सिपको प्रभावकारी मूल्याङ्कनका लागि प्रविधिको प्रयोगमा सबै विद्यालयको सहज पहुँच पुग्याउनु अत्यावश्यक छ । मर्मत सम्भारको लागि आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ । निर्णयात्मक र निर्माणात्मक दुवै प्रकृतिका मूल्याङ्कनमा प्रविधि प्रयोगलाई विश्वसनीय आधारको रूपमा लिइन्छ । यसरी भाषिक सिपको सन्तुलित रूपमा शिक्षण गर्नका लागि प्रविधिको प्रयोग आवश्यक मानिन्छ ।

**मूल्याङ्कनमा पारदर्शिता र निष्पक्षता**

पारदर्शिता र निष्पक्षता शैक्षिक मूल्याङ्कनको आधारस्तम्भ मानिन्छ । पारदर्शी मूल्याङ्कनले विद्यार्थी, अभिभावक र शिक्षकलाई मूल्याङ्कनका मापदण्ड, प्रक्रिया र परिणामबारे स्पष्ट जानकारी प्रदान गर्छ । जसले मूल्याङ्कनप्रति विश्वास र उत्तरदायित्व दुवै बढाउँछ । यस्तै, निष्पक्ष मूल्याङ्कनले जाति, लिङ्ग, सामाजिक, आर्थिक अवस्था वा व्यक्तिगत पूर्वाग्रहबाट मुक्त रहेर सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्दछ । राष्ट्रिय शिक्षा नीति २०७६ मा गुणस्तरीय शिक्षा सुनिश्चित गर्न निष्पक्ष र उत्तरदायी मूल्याङ्कन प्रणालीको आवश्यकता औंल्याइएको छ । इभ्ऋम् (सन् २०१३) ले पनि मूल्याङ्कन प्रणाली  पारदर्शी  र निष्पक्ष नहुदाँ विद्यार्थीको सिकाइमा नकारात्मक असर पर्ने चेतावनी दिएको छ । डिजिटल प्रणाली तथा प्रविधिको प्रयोगले समेत मूल्याङ्कन प्रक्रियालाई पारदर्शी  बनाउन सक्ने सम्भावना देखिएको छ । जस्तै, स्वतः मूल्याङ्कन प्रणालीमा रेकर्ड गरिएका मौखिक प्रस्तुतिको मूल्याङ्कन गर्न  पारदशी रुब्रिक्सको प्रयोग गर्नुपर्छ । यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछिन् "विद्यार्थीलाई कार्य गर्न लगाएर आन्तरिक नम्बर दिने भए तापनि बोर्ड परीक्षा भएकाले वास्तविकता भन्दा बढी अङ्क दिने गरिएको छ" । यसबाट प्रष्ट हुन्छ कि विषय शिक्षकको ध्यान विद्यार्थीको ग्रेड वृद्धि तर्फ केन्द्रित देखिन्छ । पारदर्शी  र निष्पक्ष मूल्याङ्कनको अभाव भएकाले विश्वसनीयता कायम राख्न नसकेको स्थिति छ । मूल्याङ्कन प्रणालीले सबै विद्यार्थीलाई बोल्ने, विचार राख्ने र अभिव्यक्त हुन सक्ने अवसर नपाएकाले केही मात्र विद्यार्थीको क्षमता देखिने र बाँकीको निश्चित तह पूरा गर्दा पनि आधारभूत ज्ञान र सिप समेत ओझेलमा परेको पाइन्छ । यसले सिकाइको भेदभाव र असमानता निम्त्याउँछ । त्यसैले मौखिक प्रस्तुति, समूह छलफल,

अन्तरक्रियात्मक क्रियाकलापहरू जस्ता मूल्याङ्कन विधिहरूमा सबैलाई समानरूपमा संलग्न गराउने व्यवस्था अनिवार्य हुन्छ । सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछिन् "प्रयोगात्मक मूल्याङ्कन पठनपाठनकै समयमा सरदर हेरेर हचुवाका भरमा अङ्क दिने चलन भएकाले आफू सरहकोलाई अङ्कनमा तलमाथि पर्दा आवाज उठ्ने गरेको छ" । यसबाट प्रस्ट हुन्छ आन्तरिक मूल्याङ्कनमा शिक्षकले मनोमानी ढंगले अङ्क प्रदान गरेको पाइन्छ । पारदर्शी र निष्पक्ष मूल्याङ्कन गरी विश्वसनीयताको सुनिश्चित गर्न योजनाबद्ध मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

**मूल्याङ्कन प्रविधिको पहुँचमा सहजता**

मूल्याङ्कनमा प्रविधिको प्रयोगले सिकाइलाई सहज बनाउने गर्दछ । अहिलेको डिजिटल युगमा शिक्षा प्रणाली सुदृढ पार्ने महत्त्वपूर्ण पक्ष प्रविधि हो । विशेषतः नेपालको जस्तो भौगोलिक, आर्थिक र सामाजिक विविधता भएको मुलुकका लागि प्रविधिको माध्यमबाट सञ्चालन हुने मूल्याङ्कन प्रणाली जस्तै अनलाइन क्विज, डिजिटल पोर्टफोलियो, मोबाइल एपमार्फत सिकाइको निरन्तरता, पारदर्शिता र पहुँचमा उल्लेखनीय सुधार ल्याउन सकिन्छ । बेन्नेट (सन् २०११) का अनुसार, प्रविधिमा आधारित मूल्याङ्कनले वास्तविक समयमै विद्यार्थीको सिकाइ अवस्था बुझ्न सकिने बताएका छन् । प्रविधिको सहायताबाट विद्यार्थीले आफ्नो क्षमताअनुसार सिकाइको गतिमा अनुकूलन गर्न सक्ने अवसर प्राप्त गर्दछन् । सन्दर्भमा सहभागी शिक्षक एक बताउँछिन् "यही शैक्षिक सत्रमा कक्षा ९ र १० का लागि दुईवटा स्मार्ट टिभी को व्यवस्था भएकाले शिक्षण सिकाइ सहज भएको छ । विद्यार्थी आवश्यकता अनुसार सामग्री खोजेर पठनपाठन गर्छन् । नेपाली विषयको नभएतापनि विज्ञान र अङ्ग्रेजी विषयको अनलाइन क्विज गरी आफैँले विषयवस्तुको ज्ञानको परीक्षण गर्दछन् तर सबै कक्षामा भइदिएको भए राम्रो हुने थियो । तल्ला तहका विद्यार्थीहरू पनि स्मार्ट टिभीको प्रयोग गरेर पढ्न पाए हुन्थ्यो भनेर जिज्ञासा राख्ने गर्दछन्" । यसबाट प्रस्ट हुन्छ शिक्षण सिकाइ प्रक्रियामा प्रविधिको प्रयोगले परम्परागत पद्धति परिवर्तन गरी सिकाइलाई बढी अन्तरक्रियात्मक, सुलभ र विद्यार्थी केन्द्रित बनाएको पाइन्छ । सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछिन् "हाम्रो विद्यालयमा स्मार्ट टिभी त छैन । कम्प्युटर ल्याब छ त्यसका लागि एउटा कोठा छुट्याएको छ तर सबै कम्प्युटर बिग्रिएका अवस्थामा छन् । विद्यार्थीले चाहेर पनि उचित व्यवस्थापन हुन नसकेकाले प्रविधि प्रयोगमा असहज छ" । यसरी प्रविधिको पहुँचमा असमानता रहेको देखिन्छ । विशेषगरी ग्रामीण, दुर्गम तथा आर्थिक रूपमा कमजोर वर्गका विद्यार्थीहरू अझै डिजिटल उपकरण र इन्टरनेट सेवाबाट वञ्चित छन् । सबै विद्यालयमा समान पहुँच सुनिश्चित गर्नुपर्ने देखिन्छ । त्यसैले सबै क्षेत्र र वर्गका विद्यार्थीलाई सजिलो र समान पहुँच सुनिश्चित गर्न नीतिगत, भौतिक तथा शैक्षिक पूर्वाधार तयार गरी मूल्याङ्कन प्रविधिको पहुँचमा सहज वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।

**प्रयोगात्मक कार्यमा प्राथमिकता**

प्रयोगात्मक कार्यमा प्राथमिकता दिने अभ्यासले विद्यार्थीको सक्रिय सिकाइ, सिप विकास र ज्ञानको व्यवहारिक प्रयोगलाई प्रवर्द्धन गर्छ । शैक्षिक रूपान्तरणका लागि प्रयोगात्मक कार्यमा प्राथमिकता दिनु अत्यन्त आवश्यक छ । परम्परागत रटन्ते शिक्षण विधिबाट हटेर प्रयोग, परियोजना कार्य, स्थलगत अध्ययन जस्ता अभ्यासमुखी विधिहरू अपनाउनाले विद्यार्थीमा आत्मविश्वास, समस्या समाधान क्षमता र जीवनोपयोगी सिप विकास गर्न सहयोग पुऱ्याउँछ । परियोजना कार्यमा आधारित शिक्षण गर्दा विद्यार्थीहरू आफैं सिकाइमा सक्रिय रहन्छन् । शिक्षकले केवल सहजीकरणकर्ताको भूमिका निर्वाह गर्नु पर्छ । यसका लागि श्रव्य, दृश्य, पाठ्य, स्पर्श आदि सामग्रीको प्रयोगले सहज हुने देखिन्छ । ससाना समूहमा विभाजन गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने वातावरण निर्माण गर्नु उपयुक्त मानिन्छ । विद्यालय शिक्षा क्षेत्र विकास कार्यक्रम (क्क्मए) ले पनि प्राविधिक तथा व्यावसायिक शिक्षालाई माध्यमिक तहमै समावेश गर्ने नीति लिएको छ जसको मूल उद्देश्य प्रयोगात्मक सिकाइलाई प्राथमिकता दिनु हो । प्राविधिक विषयमा मात्र नभएर नेपाली भाषा शिक्षणमा प्रयोगात्मक क्रियाकलापलाई प्राथमिकता दिनु पर्दछ । सन्दर्भमा सहभागी शिक्षक एक बताउँछिन् "प्रविधिको पहुँच भएकोले कक्षामा सुनाइ पाठ विद्यार्थीहरूलाई सुनाउन, बोध प्रश्नोत्तर कार्य गराउन, आवश्यक परेका विषयवस्तु खोज्न सहज भएको छ । हाम्रो विद्यालयमा थोरै विद्यार्थी भएका कारणले रुटिन निकालेर सबै विद्यार्थीलाई प्रयोगात्मक कार्य गर्न लगाउने चलन छ । कोर्स पूरा गर्नुपर्ने भएकाले एक शैक्षिक सत्रमा पटक पटक अवसर नपाएतापनि पाठ्यक्रमको आवश्यकता पूरा गर्न एक पटक सबैलाई अवसर दिने चलन छ" । प्रयोगात्मक कार्यलाई पाठ्यक्रमको आवश्यकता पूरा गर्ने प्रक्रियाको रूपमा मात्र नलिई भाषिक सिप विकासको संयन्त्रको रूपमा लिनु पर्दछ । सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछिन् "बहुभाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू कक्षाकोठामा छन् । विद्यालयमा प्रविधिको सुविधा छैन । एउटै कक्षामा ९० जना विद्याथी भएकाले पालोपाउन कठिन छ । त्यसमा पनि कोर्स सक्नुपर्ने बाध्यता भएकाले प्रयोगात्मक कार्यलाई चाहेजति समय दिन नसकेको अवस्था छ" । शिक्षक केन्द्रित विधि अपनाएर शिक्षक नै ज्ञानको स्रोतका रूपमा उपस्थित हुनुपर्ने बाध्यता छ । कक्षाकोठामा शब्दकोश, पाठ्यपुस्तक, श्रव्य दृश्य सामग्रीका रूपमा प्रविधिको प्रयोगले नै सिकाइलाई थप सहज बनाउन मद्दत गर्दछ । शिक्षकलाई मार्गदर्शकको रूपमा र विद्यार्थीलाई सक्रिय सहभागी बनाउनका लागि प्रयोगात्मक कार्यलाई प्राथमिकता दिनु उपयुक्त मानिन्छ ।

**मापन गर्न खोजेका विषयको सान्दर्भिकता**

शिक्षण सिकाइलाई उपलब्धिमूलक बनाउन मापन गर्न खोजेका विषयवस्तु सान्दर्भिक हुनु पर्छ । मूल्याङ्कनका विषयहरू विद्यार्थीको दैनिक जीवन, समुदाय र भविष्यको आवश्यकतासँग मेल खाने भएमा मात्र सिकाइ प्रभावकारी र दिगो बन्छ । नेपालको राष्ट्रिय शिक्षा नीति (२०७६) मा पनि पाठ्यक्रम तथा मूल्याङ्कनलाई स्थानीय सन्दर्भ र जीवनोपयोगी सिपसँग मेल खाने गरी डिजाइन गर्नुपर्ने उल्लेख गरिएको छ । पाठ्यवस्तुमा एक पक्षीय रटान र प्रभावमा नपिल्सी विश्वका विकसित भाषा सरह नेपाली भाषालाई पनि आवश्यक सुधार गरी पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण विधि र शिक्षक तयारीको आवश्यकता पर्दछ । विदेशी भाषा शिक्षणका आधुनिक विधि प्रविधिको यथासम्भव प्रयोग गर्दै गर्नुपर्छ (शर्मा र पौडेल, २०७४) । नेपाली विषयमा राखिएका पाठ्यवस्तुअनुसार मापन गर्न खोजिएका विषयवस्तु पनि उपयुक्त र सान्दर्भिक हुनुपर्छ । यस सन्दर्भमा सहभागी शिक्षक एक बताउँछिन् "पाठ्यक्रमले मापन गर्न खोजेका कुराहरू समय सान्दर्भिक छन् । पहिलाको जस्तो लिखित परीक्षालाई मात्रै प्राथमिकता दिँदैन" यसबाट प्रस्ट हुन्छ, मापन गर्न खोजेका विषय समय सान्दर्भिक छन् । यस सन्दर्भमा सहभागी शिक्षक दुई बताउँछिन् "पाठ्यक्रमले तोकेका विषयवस्तुहरू समय सान्दर्भिक छन् तर कक्षा □ र १० मा विद्यार्थीको चाप अनि कक्षा ११ र १२ मा विद्यार्थी उपस्थिति एकदमै कम हुने भएकाले व्यवहारमा लागू गर्न कठिनाइ भएको छ । विद्यार्थीले गरेका कार्यलाई आधार मानेर मूल्याङ्कन गर्ने प्रवृत्तिभन्दा पनि हचुवाको भरमा अङ्क दिने स्थिति छ" । यसरी मापन

गर्न खोजिएका विषयहरू विश्वपरिवेशसँग सान्दर्भिक भएतापनि व्यवहारिक कठिनाइले गर्दा मापन गर्न खोजेका विषयको सान्दर्भिकता कायम राखी शिक्षाको गुणस्तर, पहुँच र प्रभावकारिता वृद्धि गर्न कठिनाइ भएको देखिन्छ ।

## निष्कर्ष

सिकाइ निरन्तर चलिरहने प्रक्रिया भएकाले शिक्षक सधैं विद्यार्थीको सिकाइ उपलब्धिप्रति केन्द्रित हुनु पर्दछ । यसको मुख्य उद्देश्य विद्यार्थीको उपलब्धि वृद्धि गरी सहज तरिकाले सिक्ने सिकाउने वातावरण निर्माण गर्नं हो । शिक्षण सिकाइ क्रियाकलापलाई कक्षाकोठामा प्रभावकारी रूपमा सञ्चालन गर्न तत्कालै शिक्षकको मूल्याङ्कन गर्ने कार्यशैलीमा परिवर्तन गर्नंपर्ने देखिन्छ । भाषिक मूल्याङ्कनका विभिन्न पक्षहरूलाई समेटेर विविध विधि र उपकरणहरूको प्रयोग गरी निष्पक्ष रूपमा चार वटै सिपको पारदर्शी रूपमा मूल्याङ्कन गर्नं पर्दछ । केवल लिखित परीक्षालाई मात्र प्राथमिकता नदिई मौखिक प्रस्तुति, परियोजना कार्य, आत्ममूल्याङ्कन जस्ता निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कनलागि समय व्यवस्थापन गर्नंपर्ने देखिन्छ । यसले विद्यार्थीको ज्ञान, सिप, व्यवहार र मूल्य तथा भावना जस्ता सबै पक्षमा सक्षम बनाउँछ । नेपालजस्तो बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधता भएका ठाउँमा सबै विद्यार्थीलाई समान अवसर प्रदान गर्दै उनीहरूको सान्दर्भिक र व्यवहारिक क्षमताहरू मापन गर्न उपयुक्त रणनीति अपनाउनु पर्दछ । माध्यमिक तहको नेपाली विषयको पाठ्यक्रमले मापन गर्न खोजेका विषयवस्तु समय सान्दर्भिक भए तापनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीका रूपमा देखिएको पाइन्छ । प्रयोगात्मक मूल्याङ्कनको प्रभावकारिता वृद्धि गर्न प्रविधिमा सबैको समान पहुँच निर्माण गर्नंपर्ने, योजनाबद्ध परीक्षण गरी पर ीक्षणमा विश्वसनीयता र वैधता कायम राख्नु पर्ने अनि शिक्षक र विद्यार्थी अनुपात मिलाउनु पर्ने निष्कर्ष निकालिएको छ । यसका लागि अभिभावकलाई सचेत गराई नियमित विद्यालय उपस्थित हुनुपर्ने नीतिगत प्रावधानलाई सफल कार्यान्वयन गर्न जोड दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्री


अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण: केही परिप्रेक्ष्य तथा पद्धति,* (पाचौं संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, शान्ति प्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* शुभकामना प्रकाशन ।

न्यौपाने, कुलराज (२०७१), *पाठ्यक्रम तथा मूल्याङ्कन,* त्रिपिटक प्रकाशन प्रा. लि. ।

पाठ्यक्रम विकास केन्द्र (२)७६),*माध्यमिक शिक्षा पाठ्यक्रम,* पाठ्यक्रम विकास केन्द्र ।

पौडेल, नेत्रप्रसाद (२०६४), *नेपाली भाषा शिक्षण,* (प्रथम संस्क.) पैरवी प्रकाशन ।

पौडेल, माधव प्रसाद (२०६७), *भाषिक मूल्याङ्कन,* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०६८), *भाषा पाठ्यक्रम पाठ्य सामग्री तथा शिक्षण पद्धति,* विद्यार्थी पुस्तक भण्डार ।

पौडेल, माधव प्रसाद (२०८१), *नेपाली भाषा शिक्षण, (तेस्रो संस्क.),* विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मन प्रसाद र पौडेल लेखनाथ (२०६४), *पाठ्यक्रम र मूल्याङ्कन,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०६७), *नेपाली भाषा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७४), *नेपाली भाषा शिक्षणका सन्दर्भहरू,* (दोस्रो संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय (२०७६), *विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप* (दोस्रो संस्क.), पाठ्यक्रम विकास केन्द्र ।

Black, P., & Wiliam, D. (1998). Assessment and classroom learning. *Assessment in Education: Principles, Policy & Practice, 5*(1), 7–74. https://doi.org/10.1080/0969595980050102

Bennett, R. E. (2011). Formative assessment: A critical review. *Assessment in Education: Principles, Policy & Practice, 18*(1), 5–25. https://doi.org/10.1080/0969594X.2010.513678

Brown, G. T., K. Kennedy, P. K. Fok, J. K. Chan, and W. M. Yu. (2009). Assessment for student improvement: Understanding Hong Kong teachers' conceptions and practices of assessment. *Assessment in Education: Principles, Policy & Practice, 16* (3), 347–363.

Davis, J. M., Norris, J., Malone, E. & McKay, T. H. (2018). *Useful assessment and evaluation in language education*. Georgetown University Press.

Fulcher, G. (2003). *Testing second language speaking*. Pearson Education.

Heton, B.(1988). *Writing English language Tests.* Longman.

Wicking, P. (2020). Formative assessment of students from a Confucian heritage culture: Insights from Japan. *Assessment & Evaluation in Higher Education 45* (2), 180–192.

Wiggins, G. (1990). The case for authentic assessment. *Practical Assessment, Research & Evaluation, 2*(2), 1–3.